लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# लुम्बिनी प्रादेशिक अस्पताल

बुटवल, रुपन्देही

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित सूचनाः २०८२/१२/२५

यस अस्पतालको तपसिल बमोजिम रिक्त पदमा लुम्विनी प्रदेश सरकार करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८० (पछिल्लो संशोधन) बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकाले रितपुर्वक भरेको दर्खास्त फाराम सहित तोकिएको कागजात र राजश्व तिरेको बैकं भौचर रसिद संलग्न गरि सुचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र कार्यालय समयमा यस अस्पतालमा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | विज्ञापन नं | पद तथा सेवा समुह | तह | माग पद संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| [illegible] | ५-२०८२/८३ | मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य सेवा, ज.हे.स. | आठौं तह | ९ (नौ) | अस्पतालको आन्तरिक स्रोत तर्फ | |
| २ | ६-२०८२/८३ | रेडियोग्राफर, प्रदेश स्वास्थ्य सेवा | पाचौं तह | २ (दुई) | | |

१. **दरखास्त फारमः** करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८० (पछिल्लो संशोधन) को अनुसुचि १ अनुसार भर्नु पर्नेछ ।

२. **न्युनतम योग्यताः**

**मेडिकल अधिकृतको लागि**

क. प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले माथि उल्लेखित पदका लागि निर्धारण गरेको न्युनतम योग्यता हासिल गरेको व्यक्ति हुनुपर्नेछ।

**ख. मुख्य शर्तः** मेडिकल अधिकृतको दरबन्दि ICU /NICU र इमरजेन्सी जस्ता विभागहरुमा नियमित ड्युटीको लागि भएकोले उपल्लो योग्यता भएको उम्मेदवारलाई प्राथमिकता नदिइ न्यूनतम योग्यताको उम्मेदवारलाई पहिलो प्राथमिकता हुनेछ । यदि उपल्लो योग्यता भएको उम्मेदवारले दरखास्त दिई सफल भएमा उल्लेखित विभागहरुमा मेडिकल अधिकृतको नियमित ड्युटी गर्न स्वीकार गरेको मानिनेछ र सोही अनुसार हुनेछ । तर यस अस्पतालमा कम्तिमा एक वर्ष भन्दा बढी अवधि देखि मेडिकल अधिकृतको पदमा ज्यालादारी कार्यरत रहेका विशेषज्ञ चिकित्सकको हकमा यो शर्त अनिवार्य हुनेछैन ।

**रेडियोग्राफीको लागि**

क. प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले माथि उल्लेखित पदका लागि निर्धारण गरेको न्युनतम योग्यता हासिल गरेको व्यक्ति हुनुपर्नेछ।

**अनुभवः** शुरु नियुक्ति पत्र र सो अनुसारको करार पत्र सहित म्याद थपका पत्रहरु

**तालिम** : सम्वन्धित सेवा, समुह, तह र पदको कार्य सँग सम्वन्धित ३० कार्य दिन भन्दा बढीको तालिम प्रमण पत्र

- सम्वन्धित सेवा समुहको हो होइन भन्ने विषयमा द्विविधा भएमा सम्वन्धित विज्ञ चिकित्सकबाट एकिन गरिए बमोजिम हुने।

२. **परिक्षाको किसिमः** संक्षिप्त सुची (Short List) र अन्तरवार्ता ।

३. **उमेरः** कम्तिमा १८ वर्ष पुरा भै ४५ वर्ष उमेर ननाघेको हुनुपर्ने छ ।

४. **दरखास्त दिने स्थानः** लुम्विनी प्रादेशिक अस्पताल, बुटवल रुपन्देही ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८३ वैशाख ४ गते कार्यालय समय भित्र ।

६. **आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः** शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साईजको फोटो २ प्रति, राजश्व तिरेको सक्कल रसिद तथा सम्वन्धित पदको माथि उल्लेखित अनुसारको मात्र अनुभव एवं कुनै तालिम प्राप्त भए सो को प्रमाणित प्रतिलिपि।

७.**परीक्षाको मिति, समय, र स्थानः** अर्को सूचना तथा संक्षिप्त सुचीको नतिजा प्रकाशन सगै सूचना प्रकाशन गरिने छ ।

८. **पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समुह सम्वन्धी तथा करार सम्झौतामा तोकिए बमोजिम ।

९. **तलब, सुबिधा तथा सेवा शर्तः** तलव स्केल प्रचलित कानुन बमोजिम र अन्य सेवा,शर्त र सुविधा करार सम्झौता बमोजिम अनुसार हुनेछ ।

१०. **दरखास्त दस्तुरः** मेडिकल अधिकृतको लागि १००० र रेडियोग्राफरको लागि रु ५००/-

CamScanner

११. संक्षिप्त सूची (short list) : करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को पछिल्लो संशोधन मा उल्लेख भए बमोजिम उम्मेद्‌वारको शैक्षिक योग्यताको आफ्नो नम्बर/ग्रेड/प्रतिशत तथा पेश गरेको अनुभव र तालिमबाट आउने एकमुष्ठ प्राप्ताङ्कको आधारमा हुनेछ। उल्लेखित पदहरुमा कार्यरत जनशक्ति छिटो छिटो छोड्ने क्रम बढ्दो रहेको र तत्काल रिक्त ठाउमा सेवा करारमा लिइ उपचार सेवा दिनु पर्ने भएकोले सो पदको हकमा शर्ट लिष्ट प्रकाशित गर्दा माग संख्याको तेब्बर संख्यामा बढी निकाली योग्यताक्रम अनुसार प्रतिक्षा रोष्टर सुचि बनाइ एक बर्ष भित्र रिक्त स्थानमा यहि सुचि बाट योग्यताक्रमको आधारमा सेवा करारमा लिइनेछ। रिक्त नहुँदै स्थायी पदपुर्ति भएमा करार सेवा स्वतः सकिनेछ।

नोटः दरखास्त दस्तुर जम्मा गर्नको लागि नेपाल कृषि विकास बैङ्क लिमिटेडको खस्यौली शाखामा राजश्व दाखिला निम्न विवरण राखि भर्नु पर्ने छ ।

राजश्व खाता नं :- ०४१४७०१४२५६७८०१९

कार्यालयको नाम: लुम्बिनी प्रादेशिक अस्पताल ।

कार्यालय कोड: ३७००१४८०३५

राजश्व शीर्षक नः परिक्षा दस्तुर

मेडिकल सुपरिटेण्डेण्ट